# मिति २०७५/१२/१८ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—१६

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिका शिक्षा समितिको मिति २०७५।१२।१८ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मतले निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकामा विकास निर्माणका कामलाई प्रभावकारी रुपमा संचलान गर्न यस गाउँपालिकामा रिक्त रहेको ईन्जिनियर पदको दरवन्दीमा स्थाई नियुक्ती नहुँदा सम्म करारमा खुला विज्ञापन गरि इन्जिनियरको पदपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा '६२क' बमोजिम यस गाउँपालिकाभित्रको सार्वजनिक क्षेत्रमा (हेभि) मेसिन प्रयोग गरेर उत्खन गरेको वालुवा प्रति टेक्टर रु १५०० (एक हजार पाँच सय मात्र) र मानिसद्धारा उत्खन गरेको बालुवाको प्रति टेक्टर रु ७०० (सात सय मात्र) र त्यसैगरि मेसिन प्रयोग गरि उत्खन गरेको ढुङ्गा प्रति टेक्टर रु १००० (एक हजार मात्र) र मानिसद्धारा उत्खनन गरेको ढुङ्गा प्रति टेक्टर रु ५०० (पाँच सय मात्र) दर निर्धारण गरि गाउँपालिकाले विक्री गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँपालिकाभित्र रहेका सबै सामुदायि वन उपभोक्ता समितिले बनपदैवार विक्री बापत प्राप्त हुने आफ्नो आम्दानीबाट सिद्ध कुमाख गाउँपालिकालाई बुझाउनपर्ने रकम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा '६२ख' उपदफा (२) वमोजिम आव २०७५।७६ को लागि पनि आम्दानीको दश (१०) प्रतिशत कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ५**

रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को दफा (१४) बमोजिम स्थानीय निर्देशक समिति तपसिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| | |
|---|---|
| **अध्यक्ष** श्री चित्र बहादुर चलाउने | अध्यक्ष |
| उपाध्य श्री पुष्पा कुमारी बोहरा | सदस्य |
| वडा अध्यक्ष श्री दिनेश कुमार वि एम | सदस्य |
| वडा अध्यक्ष श्री नन्दलाल बोहरा | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री हरिजंग चन्द | सदस्य सचिव |

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिका २ वडा समितिका सदस्य श्री धनेश कमार चलाउनेले आफूले पाउनु पर्ने सेवा सुविधा पाउँभनि निवेदन पेश गरेकोले निजलाई कर्णाली प्रदेशका जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धी ऐन २०७५ बमोजिमको सेवा सुविधा प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।